निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

महोत्तरी

फोन नं. : ०४४-५२०२६२

पत्र संख्याः ०७९/८०

मितिः २०७९।०५।०१

चलानी नं. ३४

विषयः निर्वाचन खर्चको विवरण सम्वन्धमा ।

श्री स्थानीय तह सवै
महोत्तरी ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको मिति २०७९।०४।३१ गतेको निर्णयानुसार स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा ३१को उपदफा ४ वमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष , उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा मिति २०७९।०५।०१ गते राष्ट्रिय दैनिक गोरखापत्रमा सूचना प्रकाशन भएको मितिले सात दिन भित्र सार्वजनिक गरी सोको जानकारी सम्वन्धित जिल्लाको निर्वाचन कार्यालयलाई उपलव्ध गराउन निर्देशन भएकोले सो वमोजिम निर्वाचन खर्चको विवरण पेश गरेका उम्मेदवारहरुले निर्वाचन खर्चको विवरण सम्वन्धित कार्यालय (प्रमुख, उपप्रमुख, अध्यक्ष , उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा) मा सार्वजनिक गरी सोको जानकारी उम्मेदवार स्वयंले वा स्थानीय तहको कार्यालयले यस जिल्ला निर्वाचन कार्यालयमा उम्मेदवारको नाम थर, स्थानीय तह, उम्मेदवार भएको पद र निर्वाचन खर्च विवरण सार्वजनिक गरेको मिति सहित समय भित्रै उपलव्ध गराउनु हुन ।

साथै निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समायावधि समाप्त भए पछि विवरण पेश गर्ने उम्मेदवारहरुले के कुन कारणले समय भित्र निर्वाचन खर्चको विवरण नबुझाएको हो ? सो सम्वन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ वमोजिम किन कारवाही हुनु नपर्ने हो ? भनि सोही ऐनको सोही दफाको उपदफा ४ वमोजिम आफ्नो सफाई सहितको सपष्टिकरण मिति २०७९।०५।०१ गते राष्ट्रिय दैनिक गोरखापत्रमा सूचना प्रकाशन भएको मितिले सात दिन भित्र सम्वन्धित जिल्लाको निर्वाचन कार्यालयमा आफै उपस्थित भई वा आयोगको राजनीतिक दल


["फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ"]

फोन नं. : ०४४-५२०२६२

व्यवस्थापन शाखामा पेश गर्न आदेश दिने भनि निर्णय भएको हुँदा सोही वमोजिम निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समायावधि समाप्त भए पछि विवरण पेश गर्ने उम्मेदवारहरुले आफै उपस्थित भई सफाई सहितको स्पष्टिकरण यस जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपाल, कान्तिपथमा पेश गर्न उचित व्यवस्था गराउनु हुन ।

निर्वाचन खर्चको विवरण पेश गर्ने, निर्वाचन खर्चको विवरण पेश नगर्ने र विलम्व पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विद्युतिय विवरण र सो सम्वन्धि दुई प्रति सूचना यसै साथ संलग्न गरि पठाइएको छ । उक्त नाम नामेशी सहितको विद्युतिय विवरण तहाँ कार्यालयको Website मा र कार्यालयमा सबैले देखिने गरी सो नाम नामेशी सहितको विवरण प्रकाशन गरी सोको रितपूर्वकको मुचुल्का यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

(सुवोध कुमार महतो)
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
महोत्तरी

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सावर्जनिक गर्ने सम्बन्धी

### अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश: गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पार्टीमा टास गरिएको र सो कार्यालयको वेवसाईटमा समेत राखिएको हुदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

◆◆◆

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
महोत्तरी